आज मिति २०८०।०५।२९ गते शुक्रबारको दिन यस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्याल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव माथि छलफल गरी निर्णय गर्न निम्नानुसारको उपस्थिती रहेको छ ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारू मगर | वडाध्यक्ष १ | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष २ | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष ३ | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष ४ | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष ५ | |
| ८ | करुण टण्डन | वडाध्यक्ष ६ | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष ७ | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष ८ | |
| ११ | कमल पौडेल | वडाध्यक्ष ९ | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष १० | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष ११ | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रवती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | राजकुमार तिवारी | नि.सचिव | |

# बाणगङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु।

**नगर कार्यपालिकाको आ.व.०८०।८१ को तेस्रो बैठक २०८०।०५।२९ बैठक संख्या: ३ को प्रस्ताव तथा कार्यसूची,**

प्रस्ताव नं. ३.०१ अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा,

प्रस्ताव नं. ३.०२ अधिकृतस्तर (रा.प. तृतीय) आधारभूत सेवाकालीन तालिममा सहभागी सम्वन्धमा,

प्रस्ताव नं. ३.०३ बाणगङ्गा नगरपालिकाको MTMP स्वीकृत गर्ने सम्वन्धमा,

प्रस्ताव नं. ३.०४ कार्यविधि संसोधन सम्वन्धमा।

मिति: २०८०।०५।२९, बाणगङ्गा नगरपालिका आ.व.०८०।८१ को कार्यपालिका बैठक संख्या: ३

**प्रस्ताव नं. ३.०१ अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा,**

**निर्णय नं. ३.०१** नगर कार्यपालिकाको मिति:२०८०।०४।२३ गतेको बैठकमा भएका निर्णयहरु अन्तर्गत श्रृङ्गिघाट नहर सफाई गर्दा निस्केको नदीजन्य पदार्थको लागि ई-बिडिङ मार्फत सूचना प्रकासित भएको, वार्षिक समिक्षाको आन्तरीक तयारी सम्पन्न भईसकेको, मर्मतसम्भारको लागि विनियोजित बजेटरकमलाई ब्रेकडाउन गरी वडागत बजेट छुट्याईएको लगायतका कार्यहरु सम्पन्न भएका छन ।

**प्रस्ताव नं. ३.०२ अधिकृतस्तर (रा.प. तृतीय) आधारभूत सेवाकालीन तालिममा सहभागी सम्बन्धमा,**

**निर्णय नं. ३.०२** कृषि सूचना तथा प्रशिक्षण केन्द्र, हरिहरभवन ललितपुरको च.नं. १०१, मिति:२०८०।०५।११ को पत्रानुसार २०८०।०५।२१ गते देखि मिति: २०८०।०६।२६ गते सम्म ३० कार्यदिने अधिकृतस्तर (रा.प.तृतीय) आधारभूत सेवाकालिन तालिमकोलागि यस कार्यालयमा कार्यरत कृषि प्रसार अधिकृत श्री लेषबहादुर के. सी. लाई जेष्ठता सूचीमा राखी पठाएकोले निजलाई उक्त तालिममा सहभागी हुन सम्बन्धित निकायमा सिफारिस अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.०३ बाणगङ्गा नगरपालिकाको MTMP स्वीकृत गर्ने सम्बन्धमा,**

**निर्णय नं. ३.०३** यस नगरपालिका र Geo Engineering & Management Services Pvt. Ltd. बुटवल-११ रुपन्देही बिच भएको सम्झौता बमोजिम निर्माण भएको बाणगङ्गा नगरपालिकाको नगर यातायात गुरुयोजना स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.०४ कार्यविधि संसोधन सम्बन्धमा ।**

**निर्णय नं. ३.०४** कृषि विकास तथा कृषि प्रसार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ संसोधन निम्नानुसार संसोधन गर्ने निर्णय गरियो ।

| दफा | साविकमा भएको | हाल संसोधन भएको |
|---|---|---|
| ४.१.८ | छनौट भए पश्चात कृषि समूह/ सहकारी/ फर्महरुले विनियोजित बजेटको परिधि भित्र रहि लागतको तोकिए अनुसारको प्रतिशत रकम सम्झौताको बखत वा अनुदान रकम/सामाग्री भुक्तानी हुनु पहिले नगरपालिकाको खातामा जम्मा गर्नुपर्नेछ । | छनौट भए पश्चात कृषि समूह/ सहकारी/ फर्महरुले विनियोजित बजेटको परिधि भित्र रहि कुल लागतको तोकिए अनुसारको रकम ब्यहोर्न सकिने प्रतिबद्दता सम्झौताको बखत पेश गर्नु पर्ने छ । |
| ४.२.५ | थप गरिएको । | उन्नत प्रविधि कृषक समक्ष पुर्याउनको लागि आवस्यक पर्ने प्रदर्शन/किट/सामाग्री वितरण/ तालिम/भ्रमण/गोष्ठि आदि कार्यक्रमहरु शत प्रतिशत अनुदानमा संचालन गरिने छ । |
| अनुसूची १ को (सि.नं.७, ९,१०,१७,२८ देखि ३७ सम्म)<br>अनुसूची २ को (ज देखि ट सम्म), अनुसूची ३ को (ज देखि ट सम्म), अनुसूची ४ को (ज देखि ट सम्म) | | |

३.०५ विविध

१. मिति: २०८०।०३।०८ गतेको निर्णयबाट राष्ट्रपति रनिङशिल्ड खेल खेल्न जाँदा दुर्घटनामा परेका खेलाडी श्री शिखर कार्कीलाई उपचारार्थ आर्थिक सयोग विपद् व्यवस्थापन कोषबाट रु.२०,०००।– उपलब्ध गराउने निर्णय भएता पनि भुक्तानी मागको लाति २०८०।०३।२३ गते निवेदन प्राप्त भएको र असारको २३ र २४ गते शुत्र नचलेको कारण भुक्तानी छुट हुन गएकोले भुक्तानी दिन बांकीको प्रमाणित विवरणको आधारमा उक्त रकम भुक्तानी गर्ने निर्णय गरियो ।

चक्रपाणी अर्याल
नगर प्रमुख